# धनगढीमाई नगरपालिकाको
## आ.व.२०८१।८२ का लागि

धनगढीमाई नगरपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल



# आर्थिक ऐन, २०८१

## धनगढीमाई नगरपालिका

धनगढी, सिरहा

मधेश, प्रदेश, नेपाल

२०८१ साल आषाढ १० गते, सोमबार

# धनगढीमाई नगरपालिकाको आर्थिक ऐन, २०८१

प्रस्तावनाः

धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को अधिकार प्रयोग गरी धनगढीमाई नगरपालिकाको १२औं नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"धनगढीमाई नगरपालिकाको आर्थिक ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन, २०८१ श्रावण १ गतेदेखि धनगढीमाई नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति करः** (१) नगरपालिकाको क्षेत्रभित्र अनुसूची-१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** (१) नगरपालिका क्षेत्रभित्र अनुसूची-२ मा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ मा उल्लेख भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा, होटल, रेस्टुरेन्ट तथा रिसोर्टमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-५ मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **मनोरन्जन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची-६ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **बहाल बिटौरी शूल्कः** (१) नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-७ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शूल्क लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शूल्क, दस्तुरः** (१) नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शूल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **ढुंगा, गिटी बालुवा करः** (१) प्रदेश कानूनमा व्यवस्था भए अनुसार नगरक्षेत्र भित्रबाट संकलन गरी बिक्री गरिने ढुंगा, गिटी बालुवा बापत अनुसूची-९ बमोजिम कर लगाई असूल गरिनेछ।

शिव शंकर महतो
नगर प्रमुख

११. **सेवा सञ्चार उद्योग शूल्कः** (१) नगरपालिका क्षेत्रमा सञ्चालन भएका र हुने सञ्चार सम्बन्धी उद्योगहरुलाई <u>अनुसूची-१०</u> बमोजिमको कर लगाई संकलन गरिनेछ।

(२) उपदफा १ बमोजिमको रकम सम्बन्धीत वडा तथा नगरपालिकाले संकलन गर्नेछ।

१२. **स्वास्थ्य सेवा शूल्कः** (१) नगरपालिका क्षेत्रभित्र नर्सिङ्गहोम, प्राईभेट अस्पताल, स्वास्थ्य क्लिनिक, ल्याब सेवा तथा औषधी पसल सञ्चालनका लागि दर्ता तथा नवीकरण बापतको रकम <u>अनुसूची-११</u> बमोजिम कर लगाई असूल गरिनेछ।

(२) उपदफा १ बमोजिमको करको असूली नगरपालिकाले गर्नेछ।

१३. **इन्धन आयल स्टोर्स दर्ता तथा नवीकरण शूल्कः** (१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने इन्धन आयल स्टोर दर्ता तथा नवीकरण बापत <u>अनुसूची-१२</u> बमोजिम कर लगाई असूली गरिनेछ।

(२) उपदफा १ बमोजिमको कर नगरपालिकाले संकलन गर्नेछ।

१४. **सामुदायीक एफ.एम. तथा रेडियो स्टेशन करः** (१) नगरक्षेत्रमा सञ्चालन हुने सामुदायीक एफ.एम. तथा रेडियो स्टेशन दर्ता अभिलेखीकरण र वार्षिक नवीकरण बापत <u>अनुसूची-१३</u> बमोजिम कर लगाई असूल गरिनेछ।

(२) उपदफा १ बमोजिमको कर नगरपालिकाले संकलन गर्नेछ।

१५. **वित्तीय संस्थाहरुको शूल्कः** (१) नगरक्षेत्रमा सञ्चालन हुने वित्तीय संस्थाहरुको दर्ता तथा नवीकरण गरे बापत वार्षिक शुल्क लिईनेछ। यस्तो शूल्क <u>अनुसूची-१४</u> बमोजिम असूल गरिनेछ।

१६. **अन्य विषयका कर तथा शूल्कः** (१) अनुसूचीमा उल्लेख नभएका हकमा नगर कार्यपालिकाको निर्णय बमोजिम करको दर कायम गरी लागू गर्नेछ।

१७. **कर छुटः** (१) तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१८. **कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

१९. **दण्ड जरिवानाः** यस ऐनमा उल्लेखित कर रकम एक आर्थिक वर्षमा नबुझाएमा थप १० प्रतिशत जरिवाना गरी संकलन गरिनेछ। यस ऐनको उल्लंघन बापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भए बमोजिम र उल्लेख नभएकोमा प्रदेश तथा संघीय कानून बमोजिम हुनेछ।

२०. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४, स्थानीय सरकार संचालन ऐन, २०७४, बमोजिम संघ तथा प्रदेश सरकारको आर्थिक ऐन बमोजिम तोकिने कर, दस्तूर र शूल्कका विषयमा सोही बमोजिम कर, दस्तूर र शूल्क कायम गरी असूल उपर गरिनेछ।

शिव शंकर महतो
नगर प्रमुख

अनुसूची-१

१. सम्पत्ति कर

| क्र.सं. | सम्पत्तिको मूल्य रुपैयामा | २०८१/८२ | कैफियत |
|---|---|---|---|
| १ | रु. १ लाख सम्म | १० | |
| २ | रु. १ लाख १ देखि १ करोड सम्म प्रति लाख | ५ | प्रति लाख रु. |
| ३ | रु. १ करोड १ देखि ५ करोड सम्म प्रति लाख | ६ | प्रति लाख रु. |
| ४ | रु. ५ करोड १ देखि ६ करोड सम्म प्रति लाख | ७ | प्रति लाख रु. |
| ५ | रु. ६ करोड १ देखि ७ करोड सम्म प्रति लाख | ८ | प्रति लाख रु. |
| ६ | रु. ७ करोड १ देखि ८ करोड सम्म प्रति लाख | ९ | प्रति लाख रु. |
| ७ | रु. ८ करोड १ देखि ९ करोड सम्म प्रति लाख | १० | प्रति लाख रु. |
| ८ | रु. ९ करोड १ देखि १० करोड सम्म प्रति लाख | ११ | प्रति लाख रु. |
| ९ | रु. १० करोड १ देखि माथि प्रति लाख | १५ | प्रति लाख रु. |

शिव शंकर महतो
नगर प्रमुख

## १.(क) सम्पत्ति करका लागि जग्गाको न्यूनतम् मूल्यांकन दर

### वडा नं. १

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | १. राजमार्गको १०० मी. दायाँ बायाँ न्यूनतम रु. | ५ लाख | |
| ख. आवासिय क्षेत्र | १. सबै गाउँको सडकको ५० मी दायाँ बायाँ न्यूमतम रु. | २ लाख | |
| | २. डिहिबार थान देखि दक्षिण सुन्दरपुर सम्म न्यूनतम रु. | ३ लाख | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | १. सबै वन तथा बगर क्षेत्र न्यूनतम | रु.२५ हजार | |

### वडा नं. २

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | १. धनगढी देखि पतारी जाने सडम ५० मी. दायाँ वायाँ न्यूनतम | रु.३ लाख | |
| ख. आवासिय क्षेत्र | १. बाकी सबै गाउँ/आवाश क्षेत्रको ५० मी दायाँ बायाँ न्यूमतम . | रु.२ लाख | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | | | |

### वडा नं. ३

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | | | |
| ख. आवासिय क्षेत्र | १. धनगढी पतारी जाने सडक ५० मी दायाँ बायाँ न्यूमतम | रु.५ लाख | |
| | २. सबै गाउँ आवासिय क्षेत्र ५० मी दायाँ बायाँ न्यून्तम रु. | रु.२ लाख | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | | | |

### वडा नं. ४

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | | | |
| ख. आवासिय क्षेत्र | १. जिरोमाईल सुखिपुर जाने सडक ५० मी दायाँ बायाँ न्यूतम | रु.४ लाख | |
| | २. अन्य आवासीय क्षेत्रको बाटोको दायाँ वायाँ ५० मी | रु.१ लाख ५० हजार | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | | | |

शिव शंकर महतो
नगर प्रमुख

वडा नं. ५

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | | | |
| ख. आवासिय क्षेत्र | १. बाँकी सबै गाउँ/आवाश क्षेत्रको ५० मी दायाँ बायाँ न्यूमतम | रु.२ लाख | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | | | |

वडा नं. ६

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | १. सिमरा बजार १०० मी. दायाँ वायाँ न्यूनतम | रु.४ लाख | |
| ख. आवासिय क्षेत्र | १ वडा नं. ७ को सीमाना देखि सिमरा बजार सम्मको बाटोको ५० मी दायाँ बायाँ आवासीय क्षेत्रको न्यूमतम् | रु.२ लाख | |
| | २. बाकी सबै आवासीय क्षेत्र को न्यून्तम रु. | २ लाख | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | १. गागन खोला बगर क्षेत्र न्यूनतम | रु.२५ हजार | |

वडा नं. ७

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | १. राजमार्गबाट १०० मी. दुरी भित्र पर्ने वडा नं.७ को क्षेत्रको न्यूनतम | रु.५ लाख | |
| ख. आवासिय क्षेत्र | १. कसहा चौक देखि वडा नं.६ को सीमाना सम्मको ५०० मी दायाँ बायाँ न्यूमतम | रु.४ लाख | |
| | २. बाकी सबै आवासीय क्षेत्रको ५० मी दायाँ बायाँ न्यून्तम रु. | रु.१ लाख ७५ हजार | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | १. गागन खोला बगर | रु.२५ हजार | |

वडा नं. ८

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति कठ्ठा रु. | कैफियत |
|---|---|---|---|
| क. व्यापारिक क्षेत्र | १. राजमार्ग संग जोडिएको क्षेत्र १०० मी. दायाँ वायाँ न्यूनतम | रु.१० लाख | |
| ख. आवासिय क्षेत्र | १. पश्चिम कसहा चौक देखि बलडाडा सम्म र कसहा चौक NCELL टावर सम्म ५० मी दायाँ बायाँ न्यूमतम . | रु.२ लाख | |
| | २. सबै गाउँ आ.बा.क्षेत्र ५० मी दायाँ वायाँ न्यूनतम रु. | रु.२ लाख | |
| ग. कृषि क्षेत्र | १. सबै कृषि क्षेत्रको न्यूनतम | रु.४० हजार | |
| घ. वन तथा वगर क्षेत्र | | | |